“प्रयोगमैत्री संरचना शिक्षा,पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि”

# आर्थिक बर्ष २०७६/०७७ को

# नीति,कार्यक्रम तथा बजेट

# सहित राजस्व र व्यय अनुमान

# बजेट वक्तब्य

## इन्द्रसरोवर गाउँपालिका

कुलेखानी, मकवानपुर

**<u>सभाध्यक्ष महोदय,</u>**

यस गरिमामय सभाका सभाअध्यक्ष एवम् इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष जीवन लामाज्यु,प्रमुख प्रशासकीय अधिकृत शैलेन्द्र भण्डारीज्यु,सम्मानित पाँचौ गाउँ सभाका माननीय सदस्यज्युहरु,सभामा उपस्थित सम्पूर्णमा न्यानो अभिवादन अर्पण गर्दै सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु| साथै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना सम्म आईपुग्दा देश र जनताको निम्ति विभिन्न चरणमा भएगरेका आन्दोलनहरुमा आफ्नो प्राण आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रध्दान्जली अर्पण गर्दछु|

आजको यस बैठक लाई सम्बोधन गर्न पाउँदा मा अत्यन्तै गौरवान्वित भएको छु | विगत २ वर्ष देखि हामीले यस गाउँपालिकाको नेतृत्व सम्हाल्दै आएको र यस बिचमा हामीलाई विकास, साझेदारी र सहकार्यमा सहयोग गर्दै आउनु भएका हाम्रा गाउँ पालिकाबासीहरुलाई धन्यवाद ज्ञापन गर्दछु |

**<u>सभाध्यक्ष महोदय,</u>**

राष्ट्रियता,लोकतन्त्र र अधिकारको आन्दोलन मा अगुवाई गर्नु हुने सबै अग्रजहरुको योगदानको सहृदय देखि स्मरण गर्दै यस अभियान मा जीवन उत्सर्ग गर्नु हुने वीर सहिदहरु प्रति स्मरण तथा पून: हार्दिक श्रदान्जली अर्पण गर्दछु| यस स्थानीय सरकारले गाउँपालिकाको जातीय,भाषिक, धार्मिक,सांस्कृतिक एबं भौगोलिक विविधतालाई आत्मसाथ गरि सामाजिक एबं सांकृतिक समानता र सहिष्णुतामा आधारित भएर सद्भाव एबं सहकार्यको एकतालाई मजबुत बनाउने नीति लिएको छ| त्यसैगरि सामाजिक न्याय र समानता कायम गरी सबैको समृद्धि हुने नीति अवलम्बन गरिनेछ|

नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्राप्त गरेको अधिकारलाई सुनिश्चित गर्दै सो को प्रभाबकारी कार्यन्वयनका लागि गाउँपालिका पूर्णरुपमा प्रतिवद्ध रहनेछ| साथै संविधान तथा स्थानीय सरकार संचालन ऐनको पूर्णरूपमा परिपालना गर्नु मुख्यतय जनप्रतिनिधि,कर्मचारी र सबै नेपालीहरुको परम कर्तव्य हो| विकास र समृद्धि प्राप्ति गर्ने तर्फ केन्द्रित भएर हामीले आ.व. २०७६/७७ को नीति, कार्यक्रम तथा बजेट तयार गरेका छौं |

**<u>सभाअध्यक्ष महोदय,</u>**

सर्वप्रथम चालु आर्थिक वर्ष २०७५/०७६ मा प्रस्तुत नीति तथा कार्यक्रम र बिकास निर्माणका कार्न्वयन भएका योजनाहरु मध्ये मुख्य मुख्य बुँदाहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु |

१) **गाउँपालिका गौरवको योजना** अन्तर्गत ६०% अनुदानमा वडा नं २ कुलेखानीमा कृषि क्षेत्रको प्रवर्द्धन तथा ब्यबसायीकरण गर्न कृषि समूह मार्फत हाते ट्याक्टर र विधुतीय स्प्रे पम्प,प्लाष्टिक टनेल वितरण गरियो |

२) पाँचै वडामा प्लाष्टिक टनेल, विभिन्न प्रजातिका फलफुल विरुवा तथा बोयर जातको बोका वितरण तथा गोठ,खोर सुधार साथै कृतिम गर्भधानको सामाग्री कार्यक्रम गरियो |
साथै माछा ब्यबसाय संघ मार्फत इन्द्रसरोवर तालमा माछाका भुरा वितरण गरियो|

३) गाउँपालिकाको ४ वटा वडामा माटो परिक्षण शिविर संचालन गरि किसानहरुको माग बमोजिम १ लाख २० हजार किलो कृषि चुन करिब १२ सय रोपनी जग्गाको लागि वितरण गरियो र गाउँपालिकाको वडा न.१ र ३ मा सिचाई कुलो निर्माण गरियो|

४) सहकारी बिकास तथा प्रवर्धन अन्तर्गत पालिका भित्रका सहकारीहरु विच को पालिका स्तरीय समन्वय समिति निर्माण गरि अन्तराष्ट्रिय एवं राष्ट्रिय सहकारी दिवस मनाउन पालिका भित्रका सहकारीहरुलाई सहयोग तथा उत्प्रेरणा गरियो र केहि सहकारीका भवन निर्माणमा अनुदान प्रदान गरियो|

५) **गाउँपालिकाको गौरवका योजना अन्तर्गत** इन्द्रसरोवर ताल बिचमा रहेको डाँडालाई आकर्षक र धार्मिक एबं तनाव ब्यबस्थापन क्षेत्रकोरुपमा विकास तथा विस्तार गर्न केहि संरचनाहरु निर्माण कार्यलाई अगाडी बढाईयो|

६) विभिन्न बाल दिवसहरु,अन्तराष्ट्रिय महिला दिवस/ लैंगिक हिँसा विरुध्दको अभियान, सहकारी दिवसहरु मनाउन सम्बन्धित विभिन्न बिद्यालय,सहकारीहरु संगको सहकार्यमा सम्पन्न गरियो |

७) **गाउँपालिकाको गौरवको योजना** अन्तर्गत पर्यटनको प्रचुर सम्भावना बोकेको यस गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण संगै वडा न.५ मा प्राकृतिक एवम् ऐतिहासिक गुह्तेस्वरी गुफा चन्द्रगढी पार्क डी.पि.आर.तथा अनुसन्धान प्रतिबेदन निर्माण गरियो|

८) ऐतिहासिक नख्खु जेल बिद्रोहको इतिहासलाई स्मरणीय स्थल मदन भण्डारी फाखेलमैत्री पार्कको विकास एबं विस्तार केहि संरचनाहरु निर्माण गरि सुरु गरियो|

९) इन्द्रसरोवर गाउँपालिकाको पहिलो निर्वाचित जनप्रतिनिधिहरुको पहिलो कार्यपालिकाको बैठकले “इन्द्रसरोवर गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिने छ”भन्ने निर्णय गरे अनुसार गाउँपालिकाको वडा न.४ र ५ लाई बालमैत्री वडा घोषणा गत वर्ष नै गरि त्यसलाई दिगो ब्यबस्थापन कार्यक्रम संचालन गर्न बालमैत्री वडा घोषणा पुरस्कार सहित त्यसलाई निरन्तरता दिदै अन्य तिन वटा वडा(१,२,३,) लाई पनि बालमैत्री वडा घोषणा उन्मुख बनाउँन जनशक्ति परिचालन सहित यससंग सम्बन्धित क्रियाकलापहरु अगाडी बढाईयो|

१०) गाउँपालिका भित्रको घरधुरी सर्भेक्षण गरि बालमैत्री सूचक अनुसार लगायतका समग्रमा गाउँपालिकाको वस्तुस्थितिको प्रतिवेदन तयार गरियो|

११) बालमैत्री उन्मुख गाउँपालिका भित्रको ६ वटा मा.वि.मा बाल उद्यान निर्माणसंगै शिक्षामा गुणस्तर तथा प्रवितिमैत्री बनाउँन ६ वटा मा.वि.मा डिजिटल स्मार्ट सेट वितरण सहित बाल बिकास केन्द्र शिक्षिकाहरुलाई मन्टेश्वरी विधि र अन्य सबै बिद्यालयका प्रधान अध्यापक र लेखापालहरुलाई त्यससंग सम्बन्धित आवश्यक आधारभूत तालिम संचालन गरियो|

१२) गाउँपालिका भित्रको पाँच वर्ष मुनिका बालबालिकाहरुको बृधि अनुगमन तथा बिभिन्न २१ ओटा सूचकहरुको मुल्यांकन गरि स्वाथ बालबालिका प्रतियोगिता गरि कुपोषणलाई अन्त्य गर्न विविध कार्यक्रमहरु तथा बाल विकास केन्द्रहरुमा दिवा खाजा ब्यबस्थापनमा सहयोग गरियो|

१३) यस इन्द्रसरोवर गाउँपालिका वडा न. ५ मा स्वाथ्य चौकी स्थापनागरि स्थानीय समुदायलाई सामान्य उपचार सेवाको लागी काठमाडौँ तथा अन्य स्थानमा जानुपर्ने बाध्यताको अन्त्य गरियो |

१४) गाउँपालिका भित्रका स्वास्थ्य संस्था हरुमा सुत्केरी हुन आउने र जाने महिलाहरुका लागि नि:शुल्क एम्बुलेन्स सेवा बापत शुल्क सहयोग तथा गर्भवती महिलाहरुका लागि प्रत्येक वडामा भिडियो एक्सरे तथा स्वास्थ्य परिक्षण घुम्ती सेवा प्रदान गरियो|

१५) यस इन्द्रसरोवर गाउँपालिका अन्तर्गतको वडा न. ३ र् ४ मा रहेको स्वास्थ्य चौकिहरुबाट ल्याब सेवा संचालन गरि नसर्ने रोग नियन्त्रणका लागि हरेक स्वास्थ्य चौकीहरुमा मधुमेह परिक्षणको लागि आवश्यक उपकरणको व्यबस्थ गरियो |

**सभाअध्यक्ष महोदय,**

१६) गाउँपालिका अन्तर्गतका गरिब तथा जेहन्दार पछाडी परेका र पारिएका वर्ग एवम् आदिवासी जनजाति,महिला,दलित,अपाङ्ग विद्यार्थीहरुलाई उच्च शिक्षा,प्राविधिक शिक्षा पठनपाठनका लागि छात्रवृत्ति प्रदान गरियो|

१७) **"सबैको ध्यान जेष्ठ नागरिकको सम्मान"** अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त जेष्ठनागरिकहरुका लागि निशुल्क स्वास्थ्य परिक्षण तथा न्यानो कपडा वितरण गरि सम्मान गरियो|

१८) **गाउँपालिका गौरवको योजना अन्तर्गत** प्राविधिक जनशक्ति उत्पादन सहित प्रत्येक नागरिक दक्ष सीपयुक्त भै आत्मनिर्भरता,रोजगारीमुलक सहित आर्थिक समृद्धि बनाउन श्री कालिका माध्यमिक विद्यालय इन्द्रसरोवर-४ फाखेलमा कृषि प्राविधिक शिक्षा संचालन सुरुवात गरियो| यसै गरि गाउँपालिकाको सिफारिसमा अन्य बिद्यालयको भन्दा मूल्यांकन नम्बर उच्चताको आधारमा संघीय सरकारको“एक स्थानीय तह,एक प्राविधिक शिक्षा”को अनुदानबाट यस गाउँपालिकाको वडा न.३ सिस्नेरीमा अवस्थित श्री बत्सलादेवी माध्यमिक बिद्यालयमा सिभिल इन्जिनियरिङ कक्षा संचालन सुरुवात गरियो|

१९) सामुदायिक स्वास्थ्य ईकाईका लागि अ.न.मि. /स्वास्थ्य चौकीमा ल्याब टेक्नसियन करार सेवा कर्मचारी ब्यबस्थापन तथा गाउँपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वयम् सेविकाहरुका लागि प्रोत्साहन भत्तास्वरूप मासिक एक हजार पाँच सय र केहि संचार खर्च उपलब्ध गरियो|

२०) **गाउँपालिका प्रमुख "फुटबल रनिंग शिल्ड"** प्रतियोगिता वडागतरुपमा प्रतियोगिताबाट छनौट हुँदै पालिका स्तरीय प्रतियोगिता तथा मार्शल आर्ट/कराँते प्रतियोगिता र गाउँपालिका स्तरिय भलिवल प्रतियोगिता संचालन गरियो|

२१) वडा न.१मा वडा कार्यालय भवन निर्माण गरियो साथै वडा न.५ मा स्वास्थ्य चौकी भवन निर्माण स्थल ब्यबस्थापन गरियो भने वडा न.२ भालुखर्कमा एउटा सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण गरियो |

२२) गाउँपालिकाको सबै वडामा जम्मा ५५ वटा टोल बिकास संस्था गठन गरि टोल विकास संस्थाको क्षमता अभिवृद्धि सम्बन्धि प्रशिक्षण/तालिम सम्पन्न गरियो |

२३) इन्द्रसरोवर गाउँपालिका भित्रका युवाहरुलाई मध्ये नजर गरि दुई महिने लोकसेवा तयारी कक्षा संचालन गरियो |

२४) योजना सम्झौता,कार्यन्वयन तथा फरफारकमा सरल एवम् छिटोछरितो गर्नगराउन उपभोक्ता समितिका पदाधिकारीहरुका लागि योजना संचालन प्रक्रिया सम्बन्धी प्रशिक्षण/तालिम कार्यक्रम संचालन गरियो|

२५) नयाँगाउँ- हेवी- कुलेखानी- खानिखेत- रामचन्द्र भन्ज्याङ-लप्सिखोला- काफ्लेनि-घट्टेखोला-हुमाने र कालीदेवी चखेल मकैबारी खानेपानी योजनाहरु निर्माणधीन अवस्थामा रहेकाछन् |

२६) गर्भवती जाच भिडियो एक्सरे मेसिन, स्वास्थ्य संस्था तथा वर्थिङ सेन्टरका लागि उपकरण खरिद,बिद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम तथा समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि कार्यक्रम संचालन गरियो |

२७) न्यायिक क्षेत्रलाई प्रभावकारी सहजीकरण, उत्कृष्ट न्याय सम्पादनमा अब्बल बनाउन प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना सहित न्यायिक समितिका पदाधिकारी र मेलमिलाप कर्ताहरुलाई ८ दिने अभिमुखीकरण/तालिम कार्यक्रम संचालन गरि स्थानीय तह संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे अनुरुपको स्थानीय स्तरका मुद्दा तथा गुनासोहरुको सुनुवाई न्यायिक समिति मार्फत प्रभाबकारी ढंगबाट न्याय सम्पादन गरियो|

२८) यस गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा पठनपाठन ब्यबस्थापन गर्न वर्षौदेखि निजिश्रोतकोरुपमा रहेका  विद्यालय शिक्षकहरुलाई तलव गत २ वर्ष देखी विद्यालय शिक्षक अनुदानको रुपमा प्रदान गरियो|

२९) सात प्रदेशको सात पर्यटन गन्तव्य मध्ये ३ न.प्रदेशको १ र संघीय सरकारको १०० पर्यटन गन्तव्यको मध्ये पनि १ तथा नेपालको एकमात्र मानव निर्मित तालले समेत सजिएको यस इन्द्रसरोवर गाउँपालिका कृषि र पर्यटनको प्रचुर सम्भावना बोकेको गाउँपालिका हो | त्यसैले पर्यटकहरुको मनपर्ने कुराहरु मध्ये प्याराग्लाइडिङ को सफल परिक्षण यसै आर्थिक वर्षको बैशाख २० गते गाउँपालिकाको वडा न.१ मार्खु गुम्बा डाँडाबाट गरियो | यस गाउँपालिकाको ३ स्थानबाट परिक्षण गराउन खोजिएको भएपनि मौसमको कारण एक स्थानबाट मात्र उडान सफल भएको हो |

३०) गाउँपालिकामा गठित न्यायिक समिति समक्ष ०७६ बैशाख मसान्त सम्म १५ ओटा उजुरी मध्य १ ओटा मिलापत्र गरिएको १ ओटा उजुरी जिल्ला कानुनी साहयता समिति, मकवानपुर पठाएको र १ ओटा उजुरी प्रहरी चौकी, सिस्नेरीमा सिफारिस गरि पठाएको र् अन्य उजुरीहरु तहकीकातको प्रक्रियामा रहेको छ |

**सभाअध्यक्ष महोदय,**

अब म यस गरिमामय सभामा नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेका अधिकार क्षेत्र भित्र रही तोकिएको कार्य विभाजन,बैठक तथा सभा संचालन कार्यविधि लगायतका नीति नियम कानुन लगायातको परिधिभित्र रहेर इन्द्रसरोवर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि नीति,कार्यक्रम तथा वजेट सहित राजश्व र व्यय अनुमान वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु |

१) "प्रयोगमैत्री संरचना शिक्षा,पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि" भन्ने इन्द्रसरोवर गाउँपालिकाको मूल नारालाई आत्मसात गर्दै अबको विकास अनुसन्धान,सर्भेक्षण,मूल्यांकनबाट प्राप्त तथ्यांकको गहिरो अध्ययन र प्रमाणको आधारमा हुनेछ | दिगो विकासको लक्ष्य हासिल गर्न यस गाउँपालिकाले दिर्घकालिन लक्ष्य सहित प्रयोगमैत्री (बालमैत्री,जनमैत्री,महिलामैत्री,अपांगमैत्री,बृद्धबृद्धामैत्री,युवामैत्री,वातावरणमैत्री आदि)

विकास योजनाको खाका निर्माण गर्नका लागि घरधुरी सर्भेक्षण र तथ्यांकको आधारमा आगामी १० वर्षमा हासिल गर्ने सूचक सहितको लक्ष्य निर्धारण गर्न गाउँपालिका प्रमुखको अध्यक्षता रहने गरि एक गाउँपालिका स्तरीय विज्ञ तथा प्रबुध्द समुह गठन र परिचालन गरिनेछ| उक्त समुहले गाउँपालिकाको ३,५ र १० वर्षे गुरुयोजना तयार गर्नेछ | गाउँपालिकाको वृहत वस्तुगत विवरण तयार गरि पालिकाको सवल र दुर्वल पक्ष,सम्भावना र चुनौतीको लेखाजोखा,पहिचान,विश्लेषण,क्षेत्रगत उद्देश्य र दिर्घकालिन लक्ष्य सहित समृध्द गाउँपालिकाको एउटा महत्वपूर्ण पार्श्वचित्र(indrasarowar rural municipility profil) समेत निर्माण गरिनेछ|

२) **"स्वच्छ,स्वस्थ र आर्थिक समृध्दीका लागि,बालमैत्री गाउँपालिका निर्माण हाम्रो अभियान, सबै क्षेत्रमा बालमैत्री संरचना,इन्द्रसरोवर गाउँपालिकाको पहिलो पहिचान"** भन्ने मूल नारालाई साकार पार्न बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७४ लाई पूर्णरूपमा कार्यान्वय गर्दै यस इन्द्रसरोवर गाउँपालिकाको वडा न.४ र ५ फाखेललाई गत २०७५ साल जेठ २९ गते बालमैत्री वडा घोषणा भैसकेको सन्दर्भमा अब आगामी २ वर्ष(२०७७ चैत्र मसान्तसम्म) भित्र इन्द्रसरोवर गाउँपालिकालाई नै बालमैत्री गाउँपालिका घोषणा गर्नको लागि वित्तीय समानीकरण तर्फबाट प्राप्त अनुदानको १०%(प्रतिसत) वजेट बालबालिका क्षेत्रमा निर्धारित ३९ वटा सूचकहरु पूरा गर्न र बालमैत्री वडा घोषणा भएका वडालाई निरन्तरता दिन लगानी गरिनेछ|साथै गाउँपालिका र वडाहरुमा बाल लगानी कोषको स्थापना समेत गरिनेछ|

३) पाँच वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था सुधार गर्ने तथा कुपोषणलाई न्यूनीकरण गर्न विशेष कार्यक्रम संचालनमा ल्याईनेछ|

४) गर्भवती महिलाहरुको भिडियो एक्सरे तथा स्वास्थ्य परिक्षण सिविरलाई अत्याधुनिक प्रविधि सहित प्रत्येक वडामा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ |साथै प्रजनन उमेरका महिलाहरुको लागि नि:शुल्क पाठेघरको मुखको क्यान्सर परीक्षण तथा उपचार कार्यलाई निरन्तरता दिइनेछ |

५) **"हाम्रो टोलको दिर्घ रोगि,उपचार गरौ खोजि-खोजि"** सामान्य भन्दा सामान्य उपचार समेत नपाएर घरमै वा समुदायमै मृत्युसंग जुझीरहेका,स्वास्थ्य संस्था सम्म पनि आउँन नसक्ने गर्भवती महिला,अपाङ्ग, असह्य उमेरले पाका,एकल महिला,परिवार तथा समाजबाट अपहेलित विशेषगरि दिर्घ रोगिहरुलाइ(Palliative Care)(६० वर्ष भन्दा माथिका)

वडा,टोल वा घर-घरमा गएर/खोजेर उपचार गर्ने घुमन्ते स्वास्थ्य कर्मिको व्यवस्था गर्ने र यस सम्बन्धि कार्यको लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान संगको सहकार्यमा विशेष कार्यक्रम संचालनमा ल्याइने छ |

६) स्वास्थ्य विमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउनको लागि र उपचारमा सहजता,सर्वस्वीकार्य तथा सबै वर्गको पहुँचमा रहने गरि पालिका स्तरीय बिषेशज्ञ सेवा सहितको फार्मेशी संचालन गरिनेछ तथा मनमोहन स्मृति सामुदायिक अस्पताल एवम् पाटन अस्पतालसंग सहकार्य,समन्वयमा स्वास्थ्य विमा गरेकाहरुको निम्ति एउटा छुट्टै सोधपुछ र उपचारमा सहजीकरण गर्ने गराउने डेक्स/केन्द्र निर्माणमा विशेष पहल गरिने छ |

७) सुरक्षित गर्भपतन, मात्री तथा बाल मृत्युदर कम गर्नुका साथै गाउँपालिकालाई पूर्ण संथागत सुत्केरी गाउँपालिका घोषणा गर्ने तथा पूर्ण खोपको अवस्थालाई दिगो रुपमा कायम गरिनेछ |

८) बिध्यालय स्तरमा स्वस्थ्य सेवाको पहुच पुर्याउन **"अध्यक्ष संग बिध्यार्थी"** स्वास्थ्य जाचँ कार्यक्रम तथा बिध्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई अझै प्रभावकारी बनाई निरन्तरता दिइनेछ |

९) प्रेश स्वतन्त्रताको सम्मान गर्दै सबै किसिमका सूचनाहरु सबै समक्ष प्रसारण,प्रशारित गर्न गराउनको लागि पत्रकारीता सीप प्रदान गर्न गाउँपालिका भित्रका यससंग सबन्धित इच्छुक यूवाहरुलाई आवश्यक तालिम\प्रशिक्षण\गोष्ठी इत्यादि सन्चालनको लागि यससंग सम्बन्धित संघसंस्थाहरुसंग सहकार्य समन्वय गरि संचालन गरिनेछ|

१०) गाउँपालिकाको सम्पूर्ण गतिविधि (शिक्षा,स्वास्थ्य,कृषि,पर्यटन,जनप्रतिनिधि अन्तरवार्ता लगायत विविध) समेटिएको एउटा चौमासिक वुलेटिन पत्रिका यससंग दक्ष सानो विज्ञ टिम/समूह बनाएर प्रकाशनको सुरुवात गरिनेछ |

११) गत वर्ष देखि महिला स्वास्थ्य स्वयम् सेविकाहरुको कार्यको उच्च मूल्यांकन गर्दै आफ्नो जिम्मेवारी प्रति थप क्रियाशील भैरहनका लागि उत्प्रेरित बनाउन बैठक खाजा भत्ता वापत प्राप्त मासिक रु.१५००|-का दरले दिदै आएकोमा यसलाई निरन्तरता दिईनेछ|

१२) **"सबैको ध्यान,जेष्ठ नागरिकको सम्मान"**भन्ने मूल नाराका साथ संचालन गर्दै आएको ७० वर्ष माथिका जेष्ठ नागरिक स्वास्थ्य परिक्षण एवं न्यानो कपडा वितरण कार्यक्रमलाई

निरन्तरता दिदै यस वर्ष देखि ६० वर्ष पुरा भएका एकल महिला तथा दलितलाई र पूर्ण अपाङ्गता भएकाहरु सबैलाई यस कार्यक्रममा सहभागी गराईनेछ|

१३) गाउँपालिका स्तरीय विपत तथा जलवायु उत्थानशील योजनालाई कार्यान्वयनमा ल्याउन बिशेष जोड दिईनेछ|

१४) **"आफ्नो ठाउँ,आफै सफा गरौ"** भन्ने नारालाई साकार पार्न इन्द्रसरोवर गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई रणनीतिक योजनालाई कार्यन्वयन गर्न विशेष जोड दिईनेछ | साथै निजि क्षेत्रसंगको साझेदारीमा गाउँपालिकाको बजार क्षेत्रबाट प्रतिघर न्युनतम शुल्क असुली दैनिक वा साप्ताहिकरुपमा फोहर संकलन गरि स्वच्छ र स्वस्थ जीवन निर्वाहका साथ सफा गाउँपालिका बनाउँन विशेष कार्यक्रम अघि बढाएईने छ |

१५) राष्ट्रिय नीति अनुसार प्रदेश र संघीय सरकारसंग आवश्यक पहल तथा समन्वय गरेर सम्पूर्ण गुठिका जग्गाहरु सम्बन्धि र छुट जग्गा दर्ता तथा पून:नापी गरि सार्वजानिक,नीजी जग्गाको अभिलेखीकरण गर्ने व्यवस्था गरिने छ |

१६) शान्ति सुरक्षाको अनुभूति दिलाउन सरकारमा पहुच नभएका विभिन्न तरिकाले अन्यायमा परेका महिला,दलित,अपांग भएका व्यक्तिहरु लगायत विभिन्न वर्ग,समुदायहरुलाई आवश्यकता अनुसार जनसम्पर्क एवं कानुनी सहजकर्ताको नियुक्तिलाई निरन्तरता दिन प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ|

१७) इजलास सहितको भवन साथै शेफ हाउस ब्यबस्थापनको लागि आवश्यक अनुसन्धान गरिने छ |

१८) न्याय सम्पादनलाई चुस्तदुरुस्त कायम गर्न स्थानीय प्रशासनसंग आवश्यक सहकार्य गरिनेछ |

१९) न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुले सम्पादन गर्ने कामकार्बाहीलाई प्रभाबकरी बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ |

२०) उपलब्ध स्रोत र साधनको प्रभाबकारी ढंगले उपयोग गरि विकासको प्रतिफल सबै पालिकावासीलाई अनुभूत हुने गरी कार्यान्वयन पक्षमा जोड दिइनेछ |

२१) हामीले कृषि, उधोग,पर्यटन, उर्जा, सूचना प्रविधि, भौतिक पूर्वाधार र वस्ती विकासलाई आर्थिक वृद्धिको संवाहकको रुपमा पहिचान गरेका छौं | सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहकार्यमा विकासका क्रियाकलापहरु परिलक्षित हुनेछन |

२२) आन्तरिक स्रोत परिचालनमा वृद्धि गरिनेछ | यसका लागि  विभिन्न आन्तरिक श्रोत क्षेत्रहरुको पहिचान गरी कार्यन्वयनमा ल्याइनेछ |

२३) सरकारी, निजी र संगठित क्षेत्रहरुबाट हुने सबै प्रकारको भुक्तानी बैंक खातामार्फत हुने व्यवस्था गरिनेछ|

**सभाध्यक्ष महोदय,**

२४) कृषि उत्पादकत्वमा वृद्धि गरी आगामी १० वर्षमा कृषिको उत्पादन दोब्बर बनाउने लक्ष्यका साथ  कृषिलाई आधुनिकरण र ब्यबसायीकरण गरिनेछ र अनुदान वितरण प्रक्रियामा संघ तथा प्रदेश सरकारसंगको नीतिलाई अनुसरण गरिनेछ |

२५) भूमिको उत्पादकत्व वृद्धि गरी कृषियोग्य भूमिको खण्डिकरण र अनावश्यक अतिक्रमण रोकिनेछ साथै भू-क्षय न्यूनीकरणमा जोड दिईनेछ |

२६) मुख्य कृषि उपज तथा पशुपंक्षी जन्य उत्पादनमा आत्मनिर्भर हुने  नीति अवलम्बन गरिनेछ| निर्यात योग्य कृषि उपजहरुको  खेतिलाई प्रोत्साहन गरिनेछ |

२७) आधुनिक प्रविधिको प्रयोग गरी साना सिंचाई आयोजनाहरुको  निर्माण तथा कार्यान्वियनबाट गाउँपालिका  भित्रका कृषि योग्य  जमिनमा सिंचाई सुविधा विस्तार गरिनेछ |

२८) करार खेति, सहकारी खेतिलाई प्रोत्साहन गर्दै प्रांगारिक खेतिमा सहयोग पुर्याउने बिशेष कार्यक्रम संचालनमा ल्याईनेछ |

२९) गाउँपालिकाको कृषि शाखाबाट संचालन गरिने सम्पूर्ण कार्यक्रमहरु कृषक समुह तथा कृषि सहकारी मार्फत संचालन गरिनेछ साथै व्यक्तिगत कृषि फर्महरुलाई पनि कार्यक्रमहरुमा सहभागी हुन् प्रोत्साहित गरिनेछ |

३०) सामुदायिक बन, कबुलियतीबन तथा निजि बनहरुको संरक्षण, प्रबर्द्धन तथा नियमनका कार्यक्रमहरु संचालन गरिनेछ साथै आवश्यकता अनुसार बृक्षारोपणलाई विशेष अभियानका साथ अगाडी बढाइनेछ|

३१) जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका कार्यक्रमहरु संचालन  गरिनेछ| जैविक विविधताको संरक्षण गरिनेछ |

३२) स्थानीय वस्तु र सेवाको उत्पादन, गुणस्तर र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरिनेछ |

३३) शिक्षा र स्वाथ्य  सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तरीयता कायम गर्न विशेष कार्यक्रमहरु संचालनमा ल्याईनेछ |

३४) गाउँ घर क्लिनिक तथा खोप क्लिनिकलाई ब्यबस्थित गर्न हरेक वडामा एक एक ओटा संरचना निर्माण गरिनेछ साथै आवश्यकता अनुसार स्वास्थ्य चौकीहरुको मर्मत सम्भार गरि प्रयोगमैत्री बनाइनेछ |

३५) स्वास्थ्य शिबिर तथा स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुलाई निरन्तर संचालन गरि हरेक उमेर समुहका जनसमुदाय सम्म स्वास्थ्य सेवाको पहुँच पुर्याइनेछ |

३६) पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रसार र पर्यटक अनुकुल सेवा सुविधाको विस्तार  गरिनेछ साथै इन्द्रसरोवर काललाई पर्यटक आवागमनको मुख्य आधार मानी यस क्षेत्रको समग्र विकास र बिस्तारमा प्रदेश र संघिय सरकारसंगको सहकार्य तथा समन्वयमा विशेष जोड दिइनेछ |

३७) परम्परा, भाषा, संस्कृति रितिरिवाज र रहनसहन झल्काउने स्थानीय सांकृतिक सम्पदाहरुको संरक्षण र विकास गरिनेछ |

३८) आधारभूत शिक्षालाई अनिवार्य  गरिनेछ तथा विद्यालय छाड्ने प्रवित्तिलाई निरुत्साहित गर्न प्रविधियुक्त शिक्षा साहितको विशेष कार्यक्रम ल्याईनेछ साथै आवश्यकता अनुसार प्रारम्भिक बाल विकास केन्द्र तथा आधारभूत तहका केहि कक्षाहरुको विश्लेषण गरि दाता/अभिभावकहरुसंगको साझेदारीमा बालबालिकाहरुलाई दिवा खाजाको ब्यबस्थापनलाई थप तथा निरन्तरता दिइने छ|

३९) **"गुणस्तरीय शिक्षा,आजको आवश्यकता,बालबालिकाको भबिस्य,इन्द्रसरोवरको उदेश्य"** भन्ने मूल  नारालाई साकार बनाउन गाउँपालिका अन्तरगतका विद्यालयका शिक्षक/शिक्षिका तथा प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरुलाई  आवश्यकता अनुसारको तालिम ब्यबस्थापनलाई पनि निरन्तरता दिइएनेछ |

४०) बाल बालिकाहरुको शारीरिक,मानसिक,तथा बौद्धिक सम्बेगात्मक बिकासका लागि केहि विद्यालयहरुमा एक /एक वटा बाल उद्यान केन्द्र स्थापनाको लागि अध्ययन अनुशन्धान गरी कार्यान्वयनमा ल्याईनेछ|

४१) प्रत्येक विद्यालयलाई बालमैत्री बिद्यालयको रुपमा विकास गर्ने गरी  विद्यालयसंरचना निर्माणमा जोड दिईनेछ तथा विद्यालय तह देखि जीवन उपयोगी ब्यबसायिक,ब्यबहारिक,नैतिक र प्राविधिक शिक्षालाई प्राथमिकता दिईनेछ |

४२) **“जहाँ बिद्यार्थी,त्यहाँ शिक्षक,गुणस्तरीय शिक्षा,हाम्रो पहिलो प्रात्थमिकता”** गाउँपालिकाबाट विगतका वर्षहरुमा प्रदान गर्दै आइरहेको बिद्यालय शिक्षक अनुदानलाई प्रत्येक विद्यालयको अनुगन,विश्लेषण तथा बिद्यार्थी शिक्षक संख्याको अनुपातमा आवश्यकताको आधार मूल्यांकन गरि पठनपाठन ब्यबस्थापन गर्न **“जहाँ बिद्यार्थी,त्यहाँ शिक्षक,गुणस्तरीय शिक्षा,हाम्रो पहिलो प्रात्थमिकता”** भन्ने मूल नाराका साथ निरन्तरता दिएइने छ |

४३) गाउँपालिका अन्तर्गतका गरिब तथा जेहेन्दार विद्यार्थीहरुको पहिचान गरी उच्च शिक्षा एबं प्राविधिक शिक्षा अध्ययनका लागि आवश्यक छात्रवृत्ति रकम उपलब्ध गराइनेछ |

४४) गाउँपालिका भित्रको कुनै एक बिद्यालयलाई आवश्यक संरचना,ब्यबस्थापन लगायत विविध विषयको आधारमा मूल्यांकन गरि नमुना विद्यालयकोरुपमा अघि सारिने नीति लिईनेछ|

४५) जेष्ट नागरिकहरु आपसी भेटघाट, भलाकुसारी,छलफल इत्यादि गर्नका निमित्त प्रत्येक वडामा जेस्ठ नागरिक भेटघाट केन्द्र स्थापनालाई निरन्तरता दिईनेछ|

४६) गाउँपालिका स्तरीय स्वास्थ्य नीतिलाई प्रभावकारीरुपमा कार्यन्वयनमा ल्याईनेछ|

४७) सबै समुदायहरुलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराईनेछ |मुहान संरक्षण, भूमिगत स्रोतको दोहनलाई नियन्त्रण गरिनेछ| आवश्यकता अनुसारको लिफ्ट प्रविधि र ठुला खानेपानी आयोजना संचालन गरिनेछ |

४८) होटल तथा बजारबाट निस्कने फोहोरमैला लाई सुरक्षित ढंगले ब्यबस्थापन नगर्ने संचालक लाई कारवाहीको दायरामा ल्याईनेछ | नदि, खोला डिलमा र सार्वजनिक स्थलमा फोहोर बिसर्जन गर्नेहरुलाई दण्डित गरिनेछ |

४९) प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै प्लास्टिक झोला मुक्त स्थानीय तहको रुपमा यस गाउँपालिकालाई विकास गर्न आवश्यक कार्यनीति अवलम्बन गरिने छ, साथै बैकल्पिक ब्यबस्थाको लागि गैरप्लास्टिक झोलाको प्रयोगमा जोड दिईनेछ |

५०) रोजगारीका अवसरहरु सृजना गरी विदेशमा रोजगारीका लागि जाने प्रबृत्तिलाई न्यूनीकरण गर्न स्वरोजगारका कार्यक्रमहरु संचालनमा ल्याइनेछ |

५१) महिला सशक्तिकरणका लागि विशेष कार्यक्रम ल्याईनेछ | बालबालिका, महिला, जेस्ठ नागरिक, विपन्न, लोपोन्मुख र समाज बाट पछी परेका वर्ग, समुदायको सामाजिक

संरक्षण गरिनेछ|बलात्कार, यौनशोषण, मानब ओसार पसार र बेचबिखन तथा महिला बिरुद्ध हुने सबै प्रकारको हिंसाजन्य कार्यहरु न्यूनीकरण गरिनेछ |

५२) समाजमा रहेको बिकृति, विसंगति र सामाजिक कुरीतिलाई न्यूनीकरण गर्नका निमित्त विशेष ध्यान दिईनेछ |

५३) गाउँपालिकाको समग्र खेलकुदको विकास र विस्तारलाई जोड दिइनेछ | उक्त अभियानको लागि प्रत्येक वडामा खेल मैदान निर्माणका लागि प्रदेश सरकार र संघीय सरकारसंग समन्वय गरिनेछ | साथै गाउँपालिका स्तरीय **"गाउँपालिका प्रमुख फूटबल रनिंगशिल"** प्रतियोगितालाई निरन्तरता दिइनेछ |

५४) भ्रस्टाचार जन्य क्रियाकलापलाई निरुत्साहित गरी भ्रस्टाचार गर्ने र गराउने सबैलाई दण्डित गरिनेछ |

५५) योजनालाई समयावधि भित्रै सम्पन्न गर्न योजना कार्यन्वयनका लागि कार्ययोजना बनाई नतिजा प्राप्तिलाई सुनिश्चित गरिनेछ|

५६) समायावधि भित्रै योजना हरु सम्पन्न गर्ने तथा योजना कार्यन्वयनमा उत्कृष्ट हुन सफल एक वडा लाई पुरस्कृत गरिनेछ |

५७) विपद ब्यबस्थापनको प्रवाभकारी ढंगले कार्यन्वयन गरिनेछ |

५८) भूकम्पबाट प्रभावित व्यक्तिहरुको निजि आवास पुननिर्माण कार्यलाई सरल र सहज ढंगले कार्यान्वयन गर्न विशेष जोड दिईनेछ|

५९) **"घरको फोहोर घरमै"** नीति लाई अवलम्बन गरिनेछ र फोहोर उठाउन आउँदा मात्र बाहिर निकाल्ने व्यबस्थाको सुरुवात गरिनेछ |

६०) इन्द्रसरोवर गाउँपालिका वडा न.४ फाखेल सलेमले डाँडामा निर्माणधीन **'मदनभण्डारी फाखेल मैत्री पार्क'** लाई २०३३ चैत्र १२ गते रातिको ऐतिहासिक नख्खु जेल सुरुङ ब्रेक पछि बदलिएको राजनैतिक उद्गम स्थलको रुपमा पहिचान तथा स्मरण गर्दै सो क्षेत्रको विकास र विस्तारमा विशेष कार्यक्रम ल्याईनेछ |

६१) सडक तथा सार्वजनिक जग्गा अतिक्रमणलाई निरुत्साहित गरिने तथा यस्ता काम गर्नेलाई कानुनको दाएरामा ल्याइनेछ |

६२) संघीय,प्रदेश र स्थानीय सरकार बीचको समन्वयन र सहकार्यमा ग्रामिण विधुतीकरणको लागि विशेष योजना अघि सारिनेछ |

६३) संघिय तथा प्रदेस सरकार सहितको साझेदारीमा गाउँपालिकाका केहि विशेष स्थानहरुमा सौर्य उर्जा कार्यक्रम मार्फत सोलार प्यानल र बत्ति जडान गरी प्रयोगमा ल्याईनेछ |

६४) माछा पालन कार्यक्रमलाई प्रर्वद्धन गरि माछा पकेट क्षेत्रकोरुपमा बिकास गरिनेछ,साथै यस क्षेत्रबाट प्राप्त हुने राजस्व संकलनलाई वैज्ञानिक ढंगले अघि बढाइनेछ।

६५) पालिका भित्रका सबै क्षेत्र समेट्ने चक्रपथ निर्माणको गुरुयोजना तयार पारिनेछ,साथै वाह्य आवागमनका सडक संजाल लिंक रोड विस्तारका लागि आवश्यक अध्ययन गरिनेछ|

६६) स्थानीय तह संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे अनुरुपको स्थानीय स्तरका मुद्धा तथा गुनासो हरुको सुनुवाई गरिनुका साथै न्यायिक समिति मार्फत प्रभाबकारी ढंग बाट न्याय सम्पादन गरिनेछ |

६७) पर्यटकीय क्षेत्रमा रहेको अव्यवस्थित सवारी पार्किङ क्षेत्रलाई सुव्यवस्थित गर्न आवश्यक कार्यक्रम अगाडी बढाईनेछ |

६८) गाउँपालिका भित्र निर्माण हुने नया भवनहरु अनिवार्यरुपमा गाउँपालिकाबाट नक्सा पास गराई मात्र निर्माण गर्ने नीति लागु गरिनेछ साथै पहिले निर्माण भईसकेका भवनहरुको हकमा प्रमाणीकरण गर्नु पर्ने ब्यबस्था अनुरुप अधिकतम १ वर्षको समयावधि तोकिने छ |

६९) **गाउँपालिका गौरबको योजना तथा कार्यक्रमकोरुपमा यस बर्ष** कम्तिमा पाँच वटा योजना छनौट गरी संचालनमा ल्याईनेछ, सो अन्तर्गत निम्न योजनाहरु रहने छन् |

क) वडा नं १ मार्खुमा अवस्थित इन्द्रसरोवर ताल बिचमा रहेको डाँडालाई बिशेष किसिमको आकर्षक र धार्मिक एबं तनाब ब्यबस्थापन क्षेत्रको रुपमा विकास गरिनेछ|

ख) वडा नं.२ कुलेखानीमा रहेको कृषि तथा पशु जन्य क्षेत्रलाई व्यवसायीकरण गरी नमुना क्षेत्रकोरुपमा विकास गरिनेछ |

ग) वडा नं.३ सिस्नेरी स्थित श्री वत्सला देवी मा.वि.मा छात्रावास निर्माण गरिनेछ|

घ) वडा नं. ४ फाखेलको कालिका मा.वि. मा कृषि प्राविधिक कक्षा संचालनमा निरन्तरता दिएइने छ|

ङ) वडा नं ५ फाखेलमा पर्यटकीय पूर्वाधार बिकास तथा निर्माण|

७०) स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्ड कप राष्ट्रिय फुटबल प्रतियोगिता कार्यक्रम संचालन गरिने छ |

७१) १९ वर्ष अघि ट्रयाक जोडेको हेटौडा कुलेखानी फाखेल हुमाने फर्पीङ काठमाण्डौ सडकलाई कालोपत्रे गर्न प्रदेश तथा संघीय सरकार समक्ष आवश्यक पहल गरिनेछ|

७२) ४२ वर्ष पहिले ट्रयाक जोडेको कुलेखानी कलंकी मार्खु बज्रबाराही कुन्छाल त्रिभुवन राजपथ जोड्ने सडक अहिलेसम्म जस्ताका तस्तै रहेकोले आवश्यक स्तरोन्नति तथा कालोपत्रेको लागि प्रदेस र संघीय सरकारसंग विशेष पहल गरिनेछ|

७३) कुलेखानी सिस्नेरी काठमान्डौ सडक मदन भण्डारी मार्ग स्तरोन्नतिको क्रममा रहेकोलाई यथाशिघ्र छिटो कार्य सम्पन्न गर्न गराउनको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ | साथै कालोपत्रेको लागि प्रदेस र संघीय सरकारसंग विशेष पहल गरिनेछ |

७४) कुलेखानी फाखेल महालक्ष्मी दोभान चखेल मातातिर्थ काठमान्डौ सडक ट्रयाक जोडी हाल केहि सान मझौला सवारीसाधनहरु संचालनमा रहेको र मकवानपुरको भाग डी.पी.आर.समेत तयारी भैसकेकोले स्तरोन्नति तथा कालोपत्रेको लागि प्रदेश र संघीय सरकार समक्ष विशेष पहल गरिनेछ|

७५) गाउँपालिकाले विगतमा संचालन गरेको क्रमाङ्गत योजनाहरुलाई निरन्तरता दीईनेछ|

७६) "**इन्द्रसरोवर वर्ष सम्मान**"गाउँपालिका क्षेत्रमा स्थायी वसोवास भएका व्यक्तित्व मध्येबाट विज्ञान,कला,साहित्य,सिप र पेसागत क्षेत्रमा उल्लेख्य योगदान पुर्याउने व्यक्ति पहिचान गरि कुनै एकजनालाई वार्षिक रुपमा इन्द्रसरोवर वर्ष सम्मानको कार्यक्रमलाई निरन्तरता दिएइनेछ |

७७) संघीय तथा प्रदेस सरकारको नीति अनुसार किसानहरुलाइ प्रोत्साहन स्वरूप साझेदारीमा पशु तथा वाली विमा कार्यक्रमलाइ सुरुवात गरिनेछ |

७८) ब्यबसायिक पशु पालन तथा कृषि गर्ने किसानहरुलाई नीतिगत अनुदान दिने नीति लिइने छ |

७९) गाउँपालिका भित्र उपयुक्त स्थानको पहिचान गरि १५ शैयाको अस्पताल निर्माणको लागि प्रदेश र संघीय सरकारसंग समन्वय तथा सहकार्य गरिनेछ |

८०) भुमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी बजार विकास कार्यक्रमसंग गाउँपालिकाको सहकार्यलाई यस वर्ष पनि निरन्तरता दिइने छ |

८१) इन्द्रसरोवर गाउँपालिका भित्र अति आवश्यक स्थानहरुको पहिचान गरि झोलुंगे पुलको गुरुयोजना तथा डी.पि.आर.तयार गरि कार्यन्वयन गर्न संघीय र प्रदेश सरकारसंगको सहकार्यमा अघि बढाइनेछ |

८२) आगामी आर्थिक वर्ष २०७६/०७७ बाट यस गाउँपालिकाबाट सार्वजानिक निर्माण तर्फ विनियोजित हुने वजेट शिर्षकबाट ठेक्का प्रक्रिया मार्फत बोलपत्र आव्हान गरि योजनाहरुको निर्माण कार्य प्रारम्भ गरिने छ |

८३) गाउँपालिकाबाट विनियोजित रकमहरु मध्येबाट गाउँपालिका भित्र समुदायमा आधारित/सामुदायिक साझेदारीमा ७०/३० अवधारणामा संचालन गर्ने सुरुवात गरिनेछ |

८४) सरकारी तथा गैरसरकारी कार्यालयहरुसंगको सहकार्यमा विभिन्न सचेतनामुलक तथा अन्य बिकास निर्माणका कार्यहरु संचालन गरिनेछ|

८५) गाउँपालिका क्षेत्र भित्र गरिने कृषि पेशालाई वैज्ञानिक ढंगबाट ब्यबस्थापन गरि व्यवसायीक,उध्यमशिल बनाउनको लागि आवश्यक नीतिका साथै आवश्यक बजेट समेत विनियोजन गरिनेछ |

८६) यस इन्द्रसरोवर गाउँपालिका क्षेत्र भित्र रहेका होडिङ बोर्ड,विज्ञापन सामाग्री,फुटपाथ पसल लगायतलाई करको दायरामा ल्याइनेछ |सो करको केहि हिस्सा सोहि क्षेत्रकै ब्यबस्थापनमा लगाइनेछ |

८७) गाउँपालिकाको प्रशासकीय भवन,वडा कार्यालय तथा स्वास्थ्यचौकी भवन निर्माणको लागि र अन्य केहि संरचनाहरु निर्माण गर्न बजेटको ब्यबस्थापन गरिने छ |

८८) बालबिकास केन्द्र संचालनलाई अझ प्रभावकारी र नतिजामुखी बनाउन विशेष योजना बनाइनेछ |

८९) पर्यटकहरुलाई प्याराग्लाइडिङ सेवाको लागि आवश्यक नीतिगत प्रक्रिया पुरा गरि संचालनमा ल्याइनेछ |

९०) गाउँपालिका स्तरीय सुविधा सम्पन्न आई.सी.टि.तालिम हल ब्यबस्थापन गरिनेछ| साथै जनप्रतिनिधि,शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमहरु समेत गरिनेछ |

९१) विद्यार्थी संख्या न्यून भएका बिद्यालयहरुलाई तह घटाउने साथै आधारभूत तह १-५ लाई विद्यार्थी संख्या र आधारभूत तह ६-८ र माध्यामिक तहमा विषयगत आधारमा दरबन्दी मिलान गरिनेछ |

९२) बिद्यालयहरुमा भौतिक तथा शैक्षिक ब्यबस्थापन लगायत अतिरिक्त क्रियाकलापहरुमा विशेष जोड दिइनेछ |

९३) बिद्यालयहरुको कार्य सम्पादन परिक्षण,बिद्यार्थी सिकाई उपलब्धि परिक्षण र अनुगन तथा सुपरिवेक्षणलाई प्रभावकारीरुपमा अगाडी बढाईनेछ | साथै उत्कृष्ट विद्यालयहरुलाई पुरस्कृत गरिनेछ |

९४) गाउँपालिकाबाट संचालन हुने विभिन्न योजनाहरुमा उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण कार्यमा सहजताल्याई ब्यबस्थित गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ |

<u>**सभाध्यक्ष महोदय,**</u>

उपरोक्त नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि आगामी आर्थिक बर्ष २०७६/७७ मा उल्लेखित क्षेत्रहरुमा तपशिल बमोजिमको प्रक्षेपित आय र व्यय अनुमान पेशगर्ने अनुमति चाहन्छु |

## १) आय तर्फ :

क) **<u>संघिय सरकारबाट प्राप्त अनुदानः (रु हजारमा )</u>**

वित्तीय समानीकरण अनुदान ७०४००००० (७ करोड ४ लाख )

सशर्त अनुदान - ७७८००००० (७ करोड ७८ लाख)

राजस्व बांडफांड - ५१९००००० (५ करोड १९ लाख)

विधुत रोयल्टी बापत - १३८१०८६५ ( १ करोड ३८ लाख १० हजार ८ सय ६५)

⇨ **<u>जम्मा रु:- २१३९१०८६५ (२१ करोड़ ३९ लाख १० हजार ८ सय ६५ )</u>**

**ख)** **<u>प्रदेश सरकार बाट प्राप्त  अनुदान: (रु हजारमा )</u>**

वित्तीय समानीकरण अनुदान -            ९८९७०००(९८ लाख ९७ हजार )

सवारीसाधन कर वापत -        १४०२१०००(1 करोड़ ४० लाख २१ हजार)

सशर्त अनुदान -            ००० आउँन बाँकी

⇨**<u>जम्मा रु.                   २३९१८०००(२ करोड़ ३९ लाख १८ हजार)</u>**

**आन्तरिक आय बाट प्राप्त : २५०००००० (२ करोड ५० लाख )**

(वडागत र पालिकाबाट प्राप्त हुने सिफारिस,मालपोत,ढुंगा गिट्टी बालुवा,तरकारी निकासी वापत प्राप्त हुने सम्पूर्ण कर का रकमहरु )

बाँकि संचितकोष मौज्दात अनुमानित: २०००००००  (२ करोड़ )

सामाजिक सुरक्षा  भत्ता       : २०००००००  (दुई करोड )

⇨**कुल आय :**            **<u>३०२८२८८६५(३० करोड २८ लाख २८ हजार ८ सय ६५ )</u>**

## २)व्यय तर्फ:

| **खर्च  शीर्षक** | **राजस्वबाडफाड** | **संघियतथा प्रादेशिक सशर्त अनुदान** |
|---|---|---|
| चालु खर्च | ४१९००००० (चार् करोड़ उन्नाइस  लाख) | ७७८००००० (७ करोड ७८ लाख ) |
| जम्मा | (एघार  करोड सन्तानब्बे लाख  "**सशर्त अनुदान समेत** ") | |

पुँजीगत खर्च          १६३१२८८६५ सोह,करोड एकतिस लाख अठाइस हजार आठ सय पैसठि मात्र)

सामाजिक सुरक्षा  भत्ता     : २०००००००  (दुई करोड )

⇨**<u>जम्मा</u>**          **<u>३०२८२८८६५(३० करोड २८ लाख २८ हजार ८ सय ६५ )</u>**

अन्तमा

**"सुखी नेपाली, समृद्ध नेपाल" भन्ने मूल भावनालाई** मनन गर्दै आर्थिक वर्ष २०७६\०७७ को नीति तथा कार्यक्रम तयार पारिएको छ |यसको सशक्त कार्यन्वयनको लागि प्रवल इच्छा शक्ति,भ्रष्टाचार विरुध्दको कठोर कदम,बेरोजगारीको अन्त्य,उत्पादक शक्तिमा उच्चतम विकास,सबै किसिमको विभेदको अन्त्य,सकारात्मक सोचाईको विकास र समृध्दी हासिल गरि सबै गाउँपालिका वासीको शिर उच्च बनाएर समाजवादउन्मुख बाटो अंगाल्ने विश्वास लिएकोछु|

यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने गाउँ पालिकाका अध्यक्ष ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु साथै यस बजेट निर्माणमा सहयोग र सुझाब दिनु हुने विषयगत समितिकापदाधिकारी,निजि क्षेत्र, नागरिक समाजगाउँपालिकाका सम्पूर्णकर्मचारीहरु, बिषयगत शाखाका संयोजक ज्यूहरु तथा गाउँकार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरुलाई समेत हार्दिक धन्यबाद ज्ञापन गर्दै यो बजेट कार्यान्वयनमा सबैको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु |

**!!! धन्यवाद!!!!**

**उमाकुमारी लामा**

उपाध्यक्ष

इन्द्रसरोवर गाउँपालिका

कुलेखानी,मकवानपुर

प्रदेश नं.३, नेपाल